FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)

# गैरआवासीय नेपाली संघ

Ref:

## प्रेस विज्ञप्ति – १६/०११– १३

गैरआवासीय नेपाली संघ परोपकारी परियोजनाद्वारा रकम हस्तान्तरण

आज सन् २०१२ अगष्ट १३ सोमवारका दिन काठमाडौंमा भएको एक अनौपचारिक समारोह वीच गैरआवासीय नेपाली संघका अध्यक्ष एवं परोपकारी कार्यदलका सभापति जीवा लामिछानेले रु . ४,१६,४८५ (चार लाख सोर हजार चार सय पचासी) को चेक हेल्प नेपाल नेटवर्कका संस्थापक रवीन्द्र मिश्रलाई सहयोग स्वरुप हस्तान्तरण गर्नु भयो । उक्त रकम सेती बाढी पिडित र सिराहा जिल्लाको औरही गाविसमा भएको भिषण आगलागीबाट प्रभावित व्यक्तिहरुको सहयोगको लागि प्रदान गरिएको हो । सो रकम हस्तान्तरण गर्नु हुँदै संघका अध्यक्ष लामिछाने गैरआवासीय नेपाली संघले भविष्यमा पनि परोपकारी सम्बन्धी सहयोगहरुलाई निरन्तरता दिने बताउनु भयो । उहाँले यस कार्यको लागि सहयोग गर्ने एनसिसिहरुलाई धन्यवाद ज्ञापन गर्दै संघको परोपकारी परियोजना बारे प्रकाश पार्नु भएको थियो । यसरी नै हेल्प नेपाल नेटवर्कका संस्थापक मिश्रले गैरआवासीय नेपाली संघको यस सहयोग प्रति हार्दिक आभार प्रकट गर्नुका साथै भविष्यमा पनि गैरआवासीय नेपाली संघको परोपकारी कार्यको लागि सहकार्य गर्नको लागि सदैव तत्पर रहने कुरा बताउनु भयो । हस्तान्तरण गरिएको रकम एनसिसि फ्रान्स, एनसिसि मकाउ, एनसिसि वेल्जियम र एनसिसि कतारबाट सहयोग स्वरुप प्राप्त भएको हो ।

यसैगरी सोही समारोहमा एनआरएन युकेको सहयोगमा युकेमा दिवंगत हुनु भएका पर्वत जिल्ला निवासी अमृत बरुवालका पिता सुरत बरुवाललाई सहयोग स्वरुप रु . १४,००,५०० (चौध लाख पाच सय) को चेक संघका अध्यक्षले युकेका अइसिसि सदस्य राजन कडेंल मार्फत हस्तान्तरण गर्दै यस मानवीय सहयोग प्रति एनसिसि युकेलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

यस समारोहमा संघका उपाध्यक्ष रामेश्वर शाह, महासचिव तेन्जी शेर्पा र युकेका आईसिसि सदस्य राजन कडेलको सहभागिता रहेको थियो ।

मितिः १३ अगष्ट, २०१२

NRNA Secretariat, FNCCI Building Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P.O Box 269, Kathmandu Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrnorg.np